

नयाँ भर्ना र अभिभावकका सकस

✍ मञ्जु भट्ट

पृष्ठ २

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

**A-One इटाको नयाँ उत्पादन बजारमा**

**अत्याधुनिक प्रविधिबाट उत्पादित सिद्धकाली ब्रिक्स प्रा.लि. कमल-१ सोलमारीमा ठूलो साइजको A–One इटाको बुकिङ खुल्ला गरिएको छ ।**

भट्टा सम्पर्क : **विष्णु कार्की**
९८५२६७०३०५/९८०२६२६५५५/९८१६३१३२७१

**म्यानेजर**
९८०२६२६६४०

दमक सम्पर्क : **लुसन कार्की**
९८०२६२६६२८/९८५२६२६६२८

❑ **वर्ष-२०** ❑ अंक - १३५ ❑ २०८२ जेठ ०३ गते शनिबार ❑ Saturday, 07 May, 2025 ❑ मूल्य ७ /-

## संघीय निजामती सेवा विधेयक पास

### पालिका प्रमुख प्रशासकीय अधिकृत प्रदेश मातहत रहने

♦पूर्वसन्देश समाचार

दमक/कर्मचारी संघीयता कार्यान्वयनको मुख्य आधार हो । त्यही आधार खोज्दै १० वर्षपछि 'संघीय निजामती सेवा विधेयक' शुक्रबार संसदीय समितिबाट पास भएको छ । नेताहरूले यो विधेयक पास भएकोमा ब्रेकथ्रु नै भएको टिप्पणी समेत गरेका छन् । नेपाली कांग्रेसका सांसद दिलेन्द्रप्रसाद बडूका अनुसार संघीयता कार्यान्वयनमा यो एउटा ब्रेक थ्रु हो । उनी भन्छन्, 'सही अर्थमा प्रशासनिक संघीयता कार्यान्वयनमा गयो ।'

२०७२ सालमा जारी भएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थासहितको संविधानअनुसार २०७४ सालमा तीनवटै तहको चुनाव भएर राजनीतिक संघीयता अभ्यासमा आयो । त्यसबेलादेखि नै प्रशासनिक संघीयता लागु गर्ने ऐन ल्याउने प्रयास हुँदै आएको छ । २०७५ सालमै संसद्मा निजामती सेवा विधेयक आएको थियो, तर २०७८ साल फागुनमा फिर्ता भयो ।

प्रतिनिधिसभाको चालु कार्यकालमा २१ फागुन २०८० मा आएको विधेयक शुक्रबार संसदीय समितिबाट पास भएर अगाडि बढेको छ । यो विधेयक ऐनमा रूपान्तरित भएपछि प्रशासनिक संघीयता कार्यान्वयनमा आउँछ ।

संघीयता कार्यान्वयनका निम्ति प्रहरी समायोजन बाँकी छ । विद्यालय शिक्षा विधेयक संसदमै छ । तर प्रशासनिक संघीयता अन्यको हकमा समेत गाइडेड हुने भएकाले निजामती ऐन अझ महत्वपूर्ण छ ।

संसदीय समितिबाट पास भएर अगाडि बढेको निजामती विधेयकले १० वटा विषय मुख्यरूपमा समेटेको छ ।

❑ प्रदेश अन्तर्गत प्रमुख प्रशासकीय अधिकृत

स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत प्रदेश निजामती सेवाको हुने भएको छ । सरकारले संघीय सेवाअन्तर्गत नै स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत राख्न खोजेको थियो । संविधानको धारा २२७ मा गाउँ सभा र नगर सभासम्बन्धी व्यवस्था छ । 'गाउँ सभा र नगर सभाको सञ्चालन, बैठकको कार्यविधि, समिति गठन, सदस्यको पद रिक्त हुने अवस्था, गाउँ सभा र नगर सभाका सदस्यले पाउने सुविधा, गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयसम्बन्धी अन्य व्यवस्था प्रदेश कानुनबमोजिम हुनेछ,' संविधानको धारा २२७ मा भनिएको छ ।

प्रदेश अन्तर्गत रहे तापनि तत्काललाई स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत संघले नै पठाउँछ । संघले एकमुष्ट प्रदेशको मुख्यमन्त्रीको कार्यालयमा पठाउँछ । त्यसलाई प्रदेशले खटनपटन गर्छ । प्रतिनिधिसभाको चालु कार्यकालमा २१ फागुन २०८० मा आएको विधेयक शुक्रबार संसदीय समितिबाट पास भएर अगाडि बढेको छ । यो विधेयक ऐनमा रूपान्तरित भएपछि प्रशासनिक संघीयता कार्यान्वयनमा आउँछ । यस्तो व्यवस्था बढीमा १० वर्षसम्म रहन सक्नेछ । यस अवधिभित्र प्रदेशले कानुन बनाउँछन् र त्यसअनुसार प्रमुख प्रशासकीय अधिकृतको विषयमा निर्णय हुनेछ ।

❑ प्रदेशको आफ्नै सचिव

प्रदेश सरकारको सचिव पद प्रदेश निजामती सेवाकै हुने भएको छ । तर प्रदेशमा तयार नहुँदासम्मका लागि संघीय निजामती सेवाबाट पठाउने भनिएको छ ।

स्थानीय तह र प्रदशले ऐन बनाउन पाउँछन् । अन्य विषयमा स्थानीय तहले आफैंले गर्छ । तर कर्मचारीको हकमा भने प्रदेशले आफ्नो र स्थानीय बाँकी ४ पेजमा ▸▸

## झापाका पालिकाको बेरूजु अवस्था

### दमकको चार करोड नाघ्यो, मेचीनगरको सबैभन्दा बढी

**दमक/** दमक नगरपालिकाको बेरूजु १.२७ प्रतिशत अर्थात ४ करोड १ लाख ८ हजार रहेको पाईएको छ ।

महालेखा परीक्षकको ६२ औं बार्षिक प्रतिवेदन २०८२ का अनुसार सवैभन्दा बढी मेचीनगर नगरपालिकामा २२ करोड ५६ लाख रूपैयाँ बेरूजु देखिएको उल्लेख छ ।

जिल्लाका १५ वटा स्थानीय तह मध्ये मेचीनगरमा सबैभन्दा बढी र सवैभन्दा कम बाह्रदशी गाउँपालिका रहेको पाइएको हो । महालेखा परीक्षक तोयम रायाले सार्वजनिक गरेको प्रतिवेदन मेचीनगरमा २२ करोड ५६ लाख १२ हजार रूपैयाँ र सवैभन्दा कम बाह्रदशीमा ०.७२ प्रतिशत अर्थात ७५ लाख ६ हजार रूपैयाँ बेरूजु देखिएको प्रतिवेदनमा उल्लेख छ ।

मेचीनगरपछि सबैभन्दा बढी बेरूजु हुने दोस्रोमा कचनकवल गाउँपालिका रहेको छ । कचनकवलमा ४.५१ प्रतिशत अर्थात ६ करोड ४३ लाख १ हजार रूपैयाँ बेरूजु रहेको छ । त्यस्तै तेस्रो स्थानमा रहेको बुद्धशान्ति गाउँपालिकामा ४.१० प्रतिशत अर्थात ६ करोड ४४ लाख ७२ हजार रूपैयाँ बेरूजु देखिएको छ ।

बिर्तामोड नगरपालिकाको ३.२४ प्रतिशत अर्थात १० करोड ५५ लाख २८ हजार , भद्रपुर नगरपालिकाको २.९८ प्रतिशत अर्थात ६ करोड ३० लाख ५६ हजार, शिवसताक्षी नगरपालिकाको १.७६ प्रतिशत अर्थात ३ करोड ९७ लाख ९७ हजार , अर्जुनधारा नगरपालिकाको ३.४४ प्रतिशत अर्थात ६ करोड ३७ लाख १९ हजार , कन्काई नगरपालिकाको २.७९ प्रतिशत अर्थात ४ करोड ४१ लाख ४२ बाँकी ४ पेजमा ▸▸

प्रतिनिधिसभा बैठकमा सांसदले भने-

## बजेटमा शिक्षा र स्वास्थ्यलाई प्राथमिकता राखौं

**काठमाडौं/** प्रतिनिधिसभाको शुक्रबारको बैठकमा आगामी आर्थिक वर्ष २०८२-८३ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि छलफलका क्रममा सांसदहरूले शिक्षा र स्वास्थ्य क्षेत्रलाई बजेटमा प्राथमिकता दिन आग्रह गरेका छन् ।

छलफलका क्रममा सांसदहरूले शिक्षा, स्वास्थ्य, कृषिलगायत जनताको दैनिक जीवनसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रमा सरकारको विशेष ध्यान केन्द्रित हुनुपर्नेमा जोड दिएका छन् ।

सांसद अम्मरबहादुर थापाले गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवालाई प्राथमिकतामा राख्नुपर्ने उल्लेख गरे । उनले भने, 'शिक्षकका मागमा सम्झौता गरिन्छ, तर कार्यान्वयन नहुँदा बारम्बार आन्दोलन गर्नुपर्ने अवस्था सिर्जना हुन्छ । गरिबीको रेखामुनि रहेका नागरिकको जीवनस्तर सुधार गर्न र राष्ट्रको ढुकुटी बलियो बनाउन के गर्न सकिन्छ भन्नेबारे गम्भीर सोच आवश्यक छ ।' बाँकी ४ पेजमा ▸▸

## तीन जना मृत फेला

**दमक/** विभिन्न जिल्लामा मृत पर्नेको संख्या तीन रहेको छ । इलाम, ताप्लेजुङ र तेह्रथुममा एक/एक जना मृत फेला परेका हुन् ।

ताप्लेजुङको मैवाखोला गाउँपालिका-१ खानीटोल चित्रे निवासी २४ वर्षीया वर्षा तामाङ मृत भेटिएकी छन् । प्रहरीका अनुसार सुमन तामाङकी श्रीमती बर्षा गत बैशाख ३० गते मादक पदार्थ सेवन गरी कोही कसैलाई नसोधी घरबाट हराएकी थिइन् । मेरिङदेन गाउँपालिका-५ थुकिम्बा माइती घर भएकी उनको शव हिजो बिहान ११ बजे खानीटोलको जंगलमा भेटिएको थियो । घटनाबारे अनुसन्धान र कानुनी प्रक्रियाको लागि इलाका प्रहरी कार्यालय दोभानबाट प्रहरी टोली घटनास्थलतर्फ गएको छ ।

त्यस्तै तेह्रथुम छथर गाउँपालिका वडा न.३ वासिकास्थित तमोर नदीको बगरमा एक पुरूषको शव फेला परेको छ । हिजो दिउँसो ४ बजे तमोर नदीको बाँकी ४ पेजमा ▸▸

**संक्षेप**

## रवीन्द्र मिश्रलाई थुनामुक्त गर्न आदेश



**काठमाडौं/** चैत्र १५ गते भएको राजावादीहरूको आन्दोलनका क्रममा पक्राउ परेका राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का उपाध्यक्ष रविन्द्र मिश्रलाई सर्वोच्च अदालतले थुनामुक्त गर्न आदेश दिएको छ । डेढ महिना भन्दा बढी समय हिरासतमा रहेका मिश्रको बन्दी प्रत्यक्षीकरण रिटमाथि सुनुवाई गर्दै शुक्रबार न्यायाधीशद्वय कुमार चुँडाल र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले मिश्रका कानुन व्यवसायीको जिम्मा लगाएर तत्काल रिहा गर्न आदेश दिएको हो । मिश्रका तर्फबाट श्रीमती सारिका कार्कीले मंगलबार बन्दी प्रत्यक्षीकरण रिट दायर गरेकी थिइन् । उक्त रिटमाथि बुधबार न्यायाधीश सुनिलकुमार पोखरेलको इजलासले कारण देखाऊ आदेश जारी गर्दै अनुसन्धानको मिसिलसहित २४ घण्टाभित्र बाँकी ४ पेजमा ▸▸

## लामिछानेको सुनुवाई हेर्दाहेर्दैमा



**दमक/** रास्वपा सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछाने जोडिएको निवेदनको सुनुवाइ उच्च अदालत पोखराले हेर्दाहेर्दैमा राखेको छ । मुख्य न्यायाधीश डा. रत्नबहादुर बागचन्द र न्यायाधीश मिलनकुमार राईको इजलासले हेर्दाहेर्दैमा राखेको हो । कास्कीको सूर्यदर्शन सहकारीको रकम अपचलन मुद्दामा कास्की जिल्ला अदालतले गत २५ पुसमा लामिछानेलाई ६५ लाख धरौटी लिई तारेखमा छाड्न आदेश दिएको थियो । जिल्ला न्यायाधीश नितिज राईको इजलासले उनलाई धरौटीमा छाड्न आदेश दिएको हो । सो आदेश खारेजको माग गर्दै मुद्दाका दुवै पक्षले उच्च अदालत पोखरामा पुनरावेदन निवेदन दिएका थिए । लामिछानेले ६५ लाख धरौटी माग्ने आदेश खारेज गर्दै साधारण तारेखमा छाड्न तथा जिल्ला सरकारी वकिलको कार्यालय कास्की र जाहेरवालाहरूले धरौटीमा छाड्ने आदेश खारेज गरी पुर्पक्षका लागि थुनामा पठाउन माग गरेका छन् ।

**जानकारी नदिई पेशी**

लामिछाने मुद्दाको पेशीबारे जानकारी नै नदिई मुद्दाको सुनुवाइ गरेको भन्दै रास्वपा सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेका बाँकी ४ पेजमा ▸▸

## दमक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### दमक–झापाको

## दमक ५ स्थित दिपिनी मार्ग अवरूद्ध सम्बन्धमा ध्यानाकर्षण भएको विषयमा दमक नगरपालिकाको सार्वजनिक सूचना

नेपाल सरकार, खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग अन्तर्गतको संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, विराटनगरद्वारा ठेक्का प्रक्रिया मार्फत दमक नगरपालिका अन्तर्गतका विभिन्न स्थानहरुमा सेवरेज ढलको ह्युमपाइप विछ्याउने तथा सो विछ्याइएका सडकहरुलाई ग्राभेल / कालोपत्रे गरी सडक स्तरोन्नति गर्ने कार्य सञ्चालन भइरहेकोमा हाल दमक नगरपालिका वडा नं.५ स्थित भूकुटी चोकदेखि सगरमाथा पेट्रोल पम्पसम्मको दिपिनी मार्गमा निर्माणाधीन सडक अवरुद्ध गरिएको विषयप्रति दमक नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ ।

सो सम्बन्धमा, दमक नगरपालिका अन्तर्गत निर्माणाधीन अवस्थामा रहेको सेवरेज ढल व्यवस्थापन आयोजनाको निर्माण कार्यका सम्बन्धमा मिति २०८१/०९/११ गते दमक नगरपालिकाका नगर प्रमुख श्री राम कुमार थापाज्यूको संयोजकत्वमा ७ नं. वडाध्यक्ष श्री भीम प्रसाद पौडेल, ६ नं. वडाध्यक्ष श्री टेक बहादुर थापा, ८ नं. वडाध्यक्ष श्री धर्म प्रसाद दाहाल, ५ नं. वडाध्यक्ष श्री इन्द्र बहादुर गुरुङ, संघीय खानेपानी तथा ढल निर्माण आयोजना, विराटनगरका आयोजना प्रमुख श्री सुरत लाल चौधरी, नगरपालिकाका पूर्वाधार शाखा प्रमुख इन्जिनियर श्री अनन्त प्रसाद सेनेहाङ, संघीय खानेपानी तथा ढल निर्माण आयोजना, विराटनगरका प्रतिनिधि श्री रितेश कुमार यादव, निर्माण व्यवसायीका प्रबन्धक श्री सन्तोष बस्नेत, स्थानीयबासीका प्रतिनिधि तथा उ.स. अध्यक्ष श्री टेकेन्द्र बुढाथोकी लगायतको सर्वपक्षीय बैठकबाट रातो पुलदेखि भृकुटी चोक हुँदै सगरमाथा पेट्रोल पम्पसम्मको सडकमा मिति २०८१ चैत्र मसान्तसम्ममा तोकिएको मापदण्ड बमोजिम ह्युमपाइप बिछ्याई कालोपत्रे गर्ने कार्य सम्पन्न गरिसक्ने, हनुमान मन्दिरदेखि दक्षिण बसपार्कसम्मको सडकमा तत्काले कालोपत्रे गर्ने, दमक ८ स्थित लक्ष्मी मार्ग तथा विकास मार्गमा कालोपत्रे गर्ने कार्य तत्कालै गर्ने लगायतका निर्णयहरु भएकोमा निर्माण व्यवसायीले तोकिएको समयावधिमा निर्माण कार्य सम्पन्न गर्न नसकी अलपत्र अवस्थामा छोडेकोमा व्यापक जनगुनासो तथा डेलिगेसन समेतलाई सम्बोधन गर्ने गरी उक्त कार्य सम्पन्न गराउने सम्बन्धमा मिति २०८२ / ०१ / २४ मा नगर प्रमुख श्री राम कुमार थापा, नगर उपप्रमुख श्री रेगिना भट्टराई प्रसाईं, ६ नं. वडाध्यक्ष श्री टेक बहादुर थापा, ७ नं. वडाध्यक्ष श्री भीम प्रसाद पौडेल, आयोजनाका उपमहानिर्देशक श्री बाल मुकुन्द श्रेष्ठ, खानेपानी दमकका सि.डि.ई. श्री चन्द्र कुमार श्रेष्ठ, संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाका सि.डि.ई. श्री सुरतलाल चौधरी, इन्जिनियर श्री विकास गौतम, इन्जिनियर श्री सम्पूर्ण आचार्य, निर्माण व्यवसायी श्री सन्तोष बस्नेत, इन्जिनियर श्री भोला चौधरी, प्र.ना. अ. श्री शत्रुघ्न प्रसाद यादव, वडा सदस्य श्री गोपालकृष्ण संग्रौला, वडा सदस्य श्री खेम श्रेष्ठ, ठेक्का इन्जिनियर जितेन्द्र यादव, दिपिनी मार्ग सडक उपभोक्ता समिति अध्यक्ष श्री टेकेन्द्र बुढाथोकी, नापी कार्यालय दमकका क.अ. श्री कर्मेजय ठाकुर लगायतको उपस्थितिमा पुन: बैठक बसी मिति २०८१/०९/११ मा भएको निर्णय अनुसार तोकिएको अवधिभित्र कार्य सम्पन्न नभएकोमा यथाशीघ्र गुणस्तरीय कालोपत्रे सडक निर्माण गर्ने गराउने साथै संखधर चोकदेखि जेसीज चोकसम्म, हनुमान मन्दिरदेखि हिमाविसम्म, बालुवाटार लगायतका सुधार गर्नुपर्ने स्थानमा यथाशीघ्र कालोपत्रे तथा डुवान निकासको कार्य तथा व्यवस्थापन गर्ने गराउने, दमक ८ को बालुवाटार दक्षिण सडक विभागले गरेको कालोपत्रे २०० मिटर लम्बाईमा ढल विछ्याउन सडक विभागसँग अनुरोध गर्ने साथै उक्त क्षेत्रमा अत्याधिक डुबान हुने भएकोले सडक विभागको सहकार्यमा डुबानको समस्या व्यवस्थापन गर्ने लगायतको निर्णय गरिएको । यस नगरपालिकाद्वारा अबिलम्ब सडक निर्माण कार्य अगाडि बढाउनका लागि श्री संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, विराटनगर, मोरङलाई लेखी पठाइएकोमा उक्त आयोजना कार्यालयद्वारा मिति २०८१/०१/३० मा निर्माण व्यवसायीलाई तत्काले कार्य अगाडि बढाउने निर्देशन दिई सो को बोधार्थ यस कार्यालयलाई दिइसकेको साथै मिति २०८२/०१/३१ मा दमक नगरपालिकाका नगर प्रमुख श्री राम कुमार थापा स्वयं विराटनगरस्थित उक्त आयोजनाको कार्यालयमा गई अबिलम्ब रुपमा निर्माण कार्य अगाडि बढाइदिन अनुरोध गरेकोमा तत्काले उक्त कार्य अगाडि बढाउने आश्वासन समेत प्राप्त भएको अवस्थामा हाल स्थानीय उपभोक्ताहरुबाट उक्त सडकमा ढाट लगाई अवरुद्ध भइरहेको छ ।

बाक्लो जनघनत्व रहेको वडा नं. ५ को उक्त सडक नगरपालिकाकै व्यस्त सडकहरुमध्ये एक सडक हो । उक्त सडक यसरी अवरुद्ध हुँदा नियमित दैनिक आवागमन गर्ने नागरिकहरुलाई प्रत्यक्ष असर पर्नुका साथै विद्यार्थीहरुलाई विद्यालय जानआउनमा कठिनाई भएको छ । दैनिक ज्यालामजदुरी गरी जीवनयापन गर्ने वर्गहरु, अटो/ सिटी सफारी सञ्चालन गरी गुजारा गर्ने नागरिकहरु तथा उक्त मार्ग अन्तर्गत पर्ने व्यापार व्यवसायमा समेत अत्यन्तै ठूलो आर्थिक नोक्सानी भई नागरिकहरुको जीवनयापनमा नै चुनौती देखिएको छ । सडक अवरुद्ध हुँदा दमकल, एम्बुलेन्सजस्ता आकस्मिक सेवाहरु प्रवाह हुन नसक्दा जनधनको ठूलो क्षति हुन सक्ने भवितव्यलाई कम आँक्न सकिँदैन । उक्त सडक अवरुद्ध भएको कारण हावाहुरी तथा ठूलो वर्षातजस्ता प्राकृतिक विपत्तिहरुको प्रतिकार्य तथा राहत एवम् उद्दारको अवस्था आएमा समेत सो को सुनिश्चित पहुँचमा समेत ठूलो जटिलता पैदा हुने देखिन्छ । यसकारण उक्त सडक अवरुद्ध हुँदा नागरिकहरुको जनस्वास्थ्य, शिक्षाजस्ता विषयहरुमा पहुँचका साथै नागरिकको जनधनको क्षति तथा आर्थिक रुपमा प्रतिकुल असर परेको वर्तमान परिप्रेक्ष्यमा सम्बन्धित सबैको ध्यानाकर्षण गराउन चाहन्छौं । आयोजना सम्पन्न गर्नका लागि सबै सरोकारवाला पक्षहरु आ-आफ्नो ठाउँबाट लाग्नुहुन अनुरोध गर्दै उक्त कार्यमा दमक नगरपालिका सदैव सकारात्मक रुपमा समन्वयकारी भूमिकामा रहने प्रतिबद्धता समेत व्यक्त गर्दछ ।

राम कुमार थापा
नगर प्रमुख



संस्मरण

# सत्तरी विमर्श

डा. तुलसी भट्टराई

क्रमागत......

देशका अधिकांश जिल्लामा पुगेको छु । विकसित विश्वका करिब दर्जन मुलुक पनि देखिसकेको छु । नेपाल पनि यिनै विकसित देशजस्तै हुन सके अहा ! कस्तो हुन्थ्यो भन्ने सोच्दथेँ । यति बेला पनि सोचिरहेकै छु ।

"आफूले भनेजस्तै शासनसत्ता चलाउने हो भने पन्ध्र वर्षभित्र प्रत्येक नेपालीले आˆनै घरजग्गा जोड्न सक्नेछ । त्यति मात्र होइन भोजन, वस्त्र र आवासले सुसज्जित हुनेछ । छोराछोरीलाई पढाउन र रोगीलाई औषधि व्यवस्था गर्न सक्नेछ। नेपाल शान्त, समृद्ध भएर विश्वकै एउटा नमूना मुलुकका रूपमा स्थापित हुनेछ ।"

करिब पचपन्न वर्षअघि वीपीले आफू प्रधानमन्त्री भएका बेला भनेको कुरामा, यही विश्वास र आशामा वि.पी. कोइरालाको सिद्धान्त, आदर्श र मार्गदर्शनमा आस्थावान रहँदै मुलुकका निम्ति आफूले सकेको योगदान पनि दिँदैआएको हुँ । यतिका धेरै वर्षपछि पनि हाम्रो समाज अभाव, अशिक्षा, रोग र विभिन्न समस्याबाट उत्तिकै जेलिएको छ । बेरोजगारी र पलायन मात्रै जताततै देखिन्छ ।

मेरो खास लेखन इतिहास त भन्न गाह्रो छ, तैपनि २०१९ सालमा ताप्लेजुङमा कक्षा ७ मा पढ्दा विद्यार्थी प्रतियोगिताका सन्दर्भमा एउटा कतीवटा लेखेको थिएँ । त्यो कविता प्रतियोगितामा सुनाइएको थियो र दोस्रो भएर ४ नम्बरको खाता र टेको कलम प्राप्त गरेको कुरा आज पनि सम्झना छ । त्यसपछिको क्रममा सामान्यतया लेख्दै गइयो र छापिएको चाहिँ २०२५ सालमा कथा छापियो 'त्यही रहेछ' शीर्षकमा समर्पण भन्ने पत्रिकामा । त्यसपछि अहिलेसम्म विभिन्न विधाका डेढ दर्जन कृतिहरु छापिएका छन् । त्यति नै सङ्ख्यामा प्रकाशनका निम्ति तयार पारिएका छन् । लेख्ने क्रम निरन्तर छ ।

मेरो इलम नै लेख्ने भएको छ । बिचमा संयोगवश पत्रकारितामा पनि आफूलाई संलग्न गर्नुपऱ्यो । यो चाहिँ अलिकति पेट पाल्ने क्रममा नै हो । २०४१ सालतिर म राजधानी सप्ताहिकमा संलग्न भएँ, त्यसले गर्दा मेरो पत्रकारिता लेखन पनि अगाडि बढ्यो । अहिले पनि म लेखिरहेको छु - साप्ताहिक र दैनिकहरूमा । मेरो लेखनमा खासै कसैको प्रेरणा छैन ।

लेखनबारे मेरो अर्कै धारणा छ । यो कसैले लगाइएको विषय होइन । लेखक आफैँले नै आˆनै लागि सुरू गर्छ । कोही जुवा-तास खेलेर समय बिताउँछन् वा अरु कुनै काममा लाग्छन् । त्यस्तै तरिकाले एउटा भावनात्मक अभिव्यक्ति भएको अथवा भावुक व्यक्ति लेखनतिर लाग्छ । लेखन पनि उसको एउट दिनचर्या जस्तै हुन्छ । लेख्दै जाने र आफूलाई लागेका कुराहरु समाजलाई दिँदै जाने काम हो यो । उद्योगमा वा विकास निर्माणमा यति लगानी गरेको छ, यसबाट यति उत्पादन हुनुपर्छ भन्ने हुन्छ तर लेखन क्षेत्रमा त्यस्तो कुनै मापदण्ड हुँदैन । लेखन भनेको मूल्याङ्कन तथा पुरस्कारका लागि अत्तालिनुपर्ने विषय पनि होइन ।

कलमसँग सधैंभरि नै अत्यन्त गहिरो सम्बन्ध राखेको हुन्छु । अबको मेरो अभिष्ट कलम नै होलाजस्तो छ । मैले यस्ता गन्थन गरेर मुल कुरो नै छोडेछु । यो मुल कुरा हो - सत्तरी लागेको प्रसङ्ग । अनि जीवन र जीवनको लक्ष्य थाहा पाउनुपर्ने कुरा । क्रमशः......

# आकाशे पानीको भरमा कृषिप्रधान देश नहुने गुरुङको दावी

**दमक/** नेपाली काङ्ग्रेसका नेता तथा सांसद धनराज गुरूङले आकाशे पानीको भरमा मात्रै कृषि प्रधान देश हुन नसक्ने बताएका छन् । शुक्रबार प्रतिनिधिसभामा बजेटको सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथिको छलफलमा भाग लिदै पुर्व मन्त्री गुरूङले नेपालको कृषि प्रणाली आकाशे पानीको भरमा मात्रै निर्भर गर्न नहुने बताए । कृषि योग्य जमिनलाई सिंचाइको व्यवस्थापन मिलाउनुपर्नेमा जोड दिदै उनले भने, "कृषि प्रधान देश भनिएपनी अहिलेसम्म कृषि क्षेत्रमा पुर्ण सिंचाइको व्यवस्थापन गर्न सकिएको छैन । अब खेतीयोग्य जमिनलाई सिंचाइको व्यवस्था मिलाउनुपर्छ ।' यसैगरी, गुरूङले कृषि क्षेत्रमा रासायनिक मलको प्रयोगलाई न्यूनीकरण गर्नुपर्नेमा पनि जोड दिए । गुरूङले नेपालको कृषि प्रणालीमा बढ्दै गएको रासायनिक मलको प्रयोगबारे चिन्ता व्यक्त गरे । उनले कृषि क्षेत्रमा प्रयोग हुने रासायनिक मललाई एकदमै न्यूनीकरण गरेर प्राङ्गारीक मलको प्रयोग बढाउनु पर्ने औंल्याए । कृषि क्षेत्रमा प्रयोग हुने बिषादीले कृषक उपभोक्ता दुबैलाई मारमा पारेको भन्दै कृषि क्षेत्रमा बिषादीको प्रयोगलाई न्यूनीकरण गर्नुपर्ने धारणा राखे ।

# ट्याङ्करको ठक्करबाट लिम्बुको मृत्यु

**दमक/** मोरङको उर्लाबारीमा ट्यांकरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ । गएराति ११:१५ बजे उर्लाबारी -३ पुरानो मंगलबारेस्थित राजमार्गमा उर्लाबारीबाट पथरीतर्फ जाँदै गरेको ग ६ प ५०२६ नम्बरको मोटरसाइकललाई पश्चिमबाट उर्लाबारीतर्फ आउँदै गरेको ना ५ ख २१८७ नम्बरको ट्यांकरले ठक्कर दिएको थियो । दुर्घटनामा मोरसाइकल चालक दमक -९ बस्ने ३६ वर्षीय मनकुमार लिम्बू गम्भीर घाइते भएका थिए ।

घाइतेलाई मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर मंगलबारेमा सामान्य उपचारपश्चात् थप उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएकोमा राति १:३५ बजे उपचारका क्रममा मृत्यु भएको हो ।

मोटरसाइकल र ट्यांकर चालक बारा जितपुरसिमरा उपमहानगरपालिका २२ बस्ने २९ वर्षीय अशोक ठोकरलाई इलाका प्रहरी कार्यालय उर्लाबारीको नियन्त्रणमा राखिएको छ भने ट्यांकर अस्थायी प्रहरी पोष्ट तारावारीमा राखिएको छ । मृतकको शव बीएण्डसी अस्पतालमै रहेको छ ।

# पाँचथर-ताप्लेजुङ सडक अवरुद्ध

फिदिम । बेलिब्रिज बगेपछि डाइभर्सन गर्न लगाइएका ह्युम पाइप बाढीले बगाएसँगै तमोर कोरिडोरको पाँचथर-ताप्लेजुङ सडक खण्ड अवरूद्ध भएको छ । तमोर कोरिडोरमा पर्ने पाँचथरको फिदिम र हिलिहाङ गाउँपालिकाको सीमावर्ती हेवां खोलामा गरिएको डाइभर्सनका लागि राखिएका ह्युम पाइप शुक्रवार बिहानै बाढीले बगाए स्थानीय राम माझीले बताए । ह्युम पाइप बगाएसँगै धरानबाट मूलघाट पाँचथर हुँदै ताप्लेजुङ हिंडेका यात्रु मालवाहक साधन फिदिम ४ सालघारीदेखि जोरसाल हुँदै मेची राजमार्ग भएर गन्तव्य पुग्नुपर्ने अवस्था आइलागेको छ । यस्तै ताप्लेजुङदेखि भालुचोक माझीटार हुँदै धरानतर्फ हिंडेका यात्रु र साधन समेत प्रभावित भएका छन् । यो बाटो भएर धरान इटहरी र विराटनगर हिंडेका यात्रु गोपेटारदेखि फिदिम इलाम र झापा हुँदै त्यसतर्फ पुग्नुपर्ने अवस्था सिर्जना भएको छ ।

२०८१ असोज १२ गतेको बाढीले बगाएपछि यहाँ ह्युम पाइप राखेर पानी कटाउँदै यातायात सुचारू गराइएको थियो ।

यो सडकमा पर्ने खोलामा पुल बनाउने जिम्मेवारी तमोर कोरिडोर आयोजनाको हो । तमोर कोरिडोरका आयोजना प्रमुख प्रदीप निरौलाले बगाएका ह्युम पाइप स्कावेटरबाट तानी मर्मत गरेर यातायात सुचारू गर्ने पहल भइरहेको बताए । निर्माण कम्पनीसँग समन्वय गरी मनसुन सक्रिय नहुँदासम्म सोही डाइभर्सन मार्फत यातायात सुचारू गर्न पहल गरेका छौ ।' निरौलाले भने ।

# नयाँ भर्ना र अभिभावकका सकस



मञ्जु भट्ट




२०८१ सालमा कक्षा १ देखि ९ सम्म लिइएका परीक्षाको वार्षिक नतिजा प्रकाशित भएसँगै नयाँ भर्नालगायत शैक्षिक सत्र २०८२ का कक्षासमेत सुरू भइसकेका छन् । निजी विद्यालयमा पढ्ने आफ्ना नानीबाबुको 'ग्रेडसिट' प्राप्त गर्नका लागि २०८१ सालको सम्पूर्ण शुल्क तिर्नुपर्ने हुन्छ । कतिपय अभिभावकले विभिन्न कारणबस महिनैपिच्छे नियमित शुल्क तिर्न सकेका हु"दैनन् । जसका कारण अन्तिममा धेरै महिनाको शुल्क एकैचोटी तिर्नुपर्ने सकस आइपर्छ ।

बसभाडा, क्यान्टिनको टिफिन, खाना खर्च, ट्युसन खर्च, तेक्वान्दो, चेसजस्ता कक्षाका अतिरिक्त शुल्क तिर्नुपर्दा अभिभावकको ढाड सेकिने गरेको छ । अझै नानीबाबुहरूले राम्रोसँग नपढिदिँदा, शिक्षकले 'माथिल्लो कक्षा चढाउन गाह्रो छ' भनिदिँदा मन झनै खिन्न हुन्छ । वर्षभरको शुल्क तिरेर 'ग्रेडसिट' हात पारे पनि वैशाख पहिलो सातादेखि नै सुरू हुने भर्ना शुल्क झनै चर्को हुन्छ । राजधानीका कतिपय निजी विद्यालयमा मन्टेश्वरी, नर्सरी, कक्षा १ मै भर्ना गर्न पनि लाखभन्दा बढी शुल्क तिर्नुपर्छ । राम्रोसँग बोली नफुटेका बच्चाले 'के नै सिक्छ होला र ?' हजारौं तिरेर भर्ना गर्नुपर्ने कक्षा १ मा ?

जे जसरी भर्ना गरे पनि नानीबाबुहरूका लागि नयाँ कापी, किताब, झोला, जुत्ता, टाई, बेल्टजस्ता सामान किन्दा छुट्टै बजेट आवश्यक पर्छ । चित्त नबुझेर एउटा विद्यालयबाट अर्कोमा सार्नुपऱ्यो भने भर्नाशुल्क झनै चर्को हुन्छ । अझै दिनभर डुलेर राम्रो विद्यालय खोज्ने, 'इन्ट्रान्स' जाँच दिने, अर्को दिन त्यसको परीक्षाफल, फेरि अन्तर्वार्ता । कक्षा १ मा पढ्ने बालबालिकाले समेत कति तनाव सहने ?

चैत लागेदेखि नै अभिभावकले औंला भाँच्दै पैसा जोहो गर्न थालिसकेका हुन्छन् र वैशाखभर नानीबाबुहरूको भर्नामै अल्झिएका हुन्छन् । पैसा हुने धनी उच्चवर्गका लागि आˆना सन्तानलाई जुनसुकै विद्यालयमा जति खर्च गरे पनि भर्ना गर्न गाह्रो छैन ।

अचेल त संसारका जुनसुकै कुनाबाट 'अनलाइन पेमेन्ट' गर्दा पनि हुन्छ, विद्यालय धाइरहनै पर्दैन । तर, आˆना नानीबाबुले 'राम्रोसँग पढून्, आफूजस्तै दुःख नपाऊन्' भन्ने सोच भएका मध्यम तथा निम्न वर्गका अभिभावकलाई भने निजी विद्यालयमा सन्तान पढाउन धौ-धौ भइरहेकै हुन्छ । विद्यालयप्रति जेजति गुनासा रहे पनि आˆना सन्तानलाई निजी विद्यालयमै पढाउने कतिपय अभिभावकको धोको हुन्छ ।

हुन त, देशैभर ठाउँठाउँमा थुप्रै सामुदायिक विद्यालय पनि छन् । सयौं विद्यार्थी पढ्ने कतिपय सामुदायिक विद्यालय उच्च दर्जाका पनि छन् । नाम चलेका ठूला निजी विद्यालयभन्दा राम्रो परीक्षाफल दिन सफल पनि भएका छन् । अभिभावक तथा विद्यार्थी पनि त्यस्ता सामुदायिक विद्यालयमा पढेर खुसी छन् । तर, यस्ता विद्यालय देशभर औंलामा गन्न सकिने मात्रै छन् । अझै पनि सामुदायिक विद्यालयमा विद्यार्थीले चाहेजस्तो भौतिक संरचना छैन । तराईको प्रचण्ड गर्मीमा समेत एउटा पंखामुनि बसेर विद्यार्थीले पढ्ने-सिक्ने अवस्था छैन । दिनभर विद्यार्थी बसेर पढ्ने बेन्च सजिला छैनन् । दुर्गमका कतिपय विद्यालयमा कक्षाकोठाको अवस्था अत्यन्त नाजुक छ । हेर्दै चिटिक्क परेका, पढूँपढूँ लाग्ने शैक्षिक सामग्री भएका विद्यालयका कक्षाभन्दा पनि मानिसले छोडेर गएका बाँझो घरजस्तै देखिन्छन्, कतिपय सामुदायिक विद्यालय ।

धेरैजसो सामुदायिक विद्यालयमा विद्यार्थीले खेल्न औधी मन पराउने तथा मन र मस्तिष्क दुईवटै तन्दुरूस्त राख्न मद्दत गर्ने फुटबल ग्राउन्ड, बास्केटबल कोर्ट, टीटी बोर्ड, भलिबल कोर्टलगायत देखि"दैनन् । 'डिजिटलाइज्ड अडियो भिज्युअल' कोठा अहिलेको समयका लागि अति नै महत्वपूर्ण शैक्षिक सामग्रीकै रूपमा प्रयोग हुने कम्प्युटर कक्षा विद्यार्थीका लागि त्यति नै महत्वपूर्ण पुस्तकालय, प्रयोगशालाजस्ता कक्षा व्यवस्था नभएका विद्यालय पनि धेरै छन् । कतै भने सामग्री भए पनि प्रयोग गराउन सक्ने जनशक्ति वा शिक्षक नहुँदा उचित प्रयोग भएको देखि"दैन । हालै १२ कक्षाको परीक्षामा विद्यार्थी बेन्च अभावमा भुइँमै बसेर लेखिरहेका भिडियो सामाजिक सञ्जालमा आएका थिए । केही दिनअघि लामो समयका लागि सामुदायिक विद्यालयका शिक्षक आˆना माग पूरा गराउन आन्दोलनमा उत्रिएका थिए । यसले पनि नयाँ भर्ना अभियान अन्योलमा परेको थियो । अर्कोतिर निजी विद्यालयमा धमाधम विद्यार्थी भर्ना भइरहेका थिए । ७ वैशाखदेखि नै नयाँ शैक्षिक सत्र सुरू भएसँगै कक्षा सुचारू भइसकेका थिए । यस्ता विभिन्न कारण पनि अभिभावकले आˆना सन्तानलाई निजी विद्यालयमा भर्ना गर्न बाध्य हुनुपरेको छ ।

काठमाडौं बसे पनि मेरा थुप्रै नातेदार छरछिमेकी अछामको दुर्गम गाउँमा बस्छन् । आधाभन्दा बढी गाउँ त खाली भइसकेका छन् । बाँकीलाई पनि गाउँमा बसेर छोराछोरी पढाउन मन छैन । बाध्यतावश त्यहाँका विद्यालयमा पढाइरहेको उनीहरु सुनाउँछन् । म पढेको विद्यालय बैतडी सदरमुकामबाट पैदल हिँडेर १ घण्टामा पुगिने गाउँमा अहिले ५ कक्षामा एकजना मात्र केटा पढ्ने रहेछन् । कक्षामा ५-६ जना केटी भए पनि केटाचाहि" एक्लै भएकाले कक्षा ६ देखि काठमाडौंमा आफन्तसँग बसेर पढ्ने मन बनाइसकेका छन् । स्थानीय तहले शिक्षामा लगानी बढाए पनि गाउँघरमा रोजगारका अवसर सिर्जना हुन नसक्दा गाउँ रित्ता हुँदै गएका छन् । यसको प्रत्यक्ष असर अभिभावकमाथि पर्दै गएको छ ।

प्रदेश तथा स्थानीय तहको संरचना बनेदेखि दुर्गमका पनि धेरै विद्यालयमा राम्रो सेवा सुविधा भएको देखिन्छ । स्थानीय तहहरूले विद्यालय, यातायात क्षेत्रमा धेरै काम पनि गरेका छन् । तैपनि सामुदायिक विद्यालयमै आˆना नानीबाबुलाई पढाउन सरकारी कर्मचारी नै तयार भएको देखिँदैन । औंलामा गन्नेबाहेक सबैजसो सरकारी कर्मचारीका छोराछोरी देशका नाम चलेका महँगा निजी विद्यालयमा पढिरहेको कसैबाट लुकेको छैन ।

सामुदायिक विद्यालयको तुलनामा पढाइसँगसँगै अतिरिक्त क्रियाकलाप गराउनमा निजी विद्यालय अगाडि नै छन् र परीक्षाफल पनि तुलनात्मक रूपना निजी विद्यालयको राम्रो देखिन्छ । यसको मतलव सामुदायिक विद्यालयबाट विद्यार्थी निकालेर 'निजीमा भर्ना गर्नुपर्छ' भन्ने होइन । निजीभन्दा सामुदायिक विद्यालयलाई अब्बल बनाउँदै लग्ने हो भने कक्षामा एउटा मात्रै विद्यार्थी पढाउनुपर्ने बाध्यता शिक्षकलाई आउँदैन । वैशाख लागेसँगै निजी विद्यालयमा भर्ना गर्न आउने विद्यार्थीको लर्को देख्दा कही" सामुदायिक विद्यालय सबै बन्द पो हुन्छन् कि जस्तो पनि लाग्छ, कहिलेकाही" । अहिलेको शिक्षक आन्दोलनले यसलाई बढावा दिइरहेको छ ।

सामुदायिक विद्यालयको गुणस्तर खस्केकाले नै अभिभावकलाई पनि सकस हुने गरेको देखिन्छ । भर्खरै बनाएको घरअगाडि देखिने चिटिक्कका निजी विद्यालय र आमाबुवाका पालादेखि पढ्दै आएका पुराना सामुदायिक विद्यालय छान्नुपर्दा विद्यार्थीले निजी विद्यालय नै छान्ने गर्छन् । विद्यार्थीले निजी विद्यालय छानेसँगै त्यहाँको भर्नाशुल्क, मासिक शुल्क, परीक्षा शुल्कदेखि वर्षभर अभिभावकले तिर्नुपर्ने शुल्क थपिन्छन् ।

अघिल्लो वर्ष दाइले पढेको किताब यस वर्ष त्यही कक्षाको किताब भाइले पढ्न नमिल्ने बनाएका हुन्छन् । किताब लेख्नेले नै वा प्रकाशनले केही थप्ने केही घटाउने, प्रश्न फरक राखिदिने, पाठका पेजमा फरक नम्बर राखिदिनाले प्रत्येक वर्ष अभिभावक नयाँ पुस्तक किन्न बाध्य हुन्छन् । सामुदायिक विद्यालयमा पढाइने पुस्तकबाहेक अन्य निजी विद्यालयमा पढाइने फरक प्रकाशनका किताब धेरै महँगा पनि छन् । एउटै पुस्तकको ५ सयदेखि ८ सय रूपैयाँसम्म पर्ने पुस्तक किन्न अभिभावक बाध्य छन् । उस्तै त महँगी बढेर दुईछाक टार्न मुश्किल हुँदै गएको छ, त्यसमा पनि आˆना नानीबाबुका लागि विद्यालयले भनेअनुसार तोकिएकै ठाउँबाट विद्यालयका ड्रेस, कापीकिताब किन्नुपर्दा 'बार्गेनिङ' गर्ने ठाउँ हुँदैन र झनै महँगोमा पर्नसक्ने सम्भावना रहन्छ ।

भर्खरै एसईई दिएर बसेका विद्यार्थी परीक्षाफल पर्खेर बसे पनि कम्प्युटर, ब्रिजकोर्सजस्ता कक्षा लिइरहेका छन् । धेरैजसो विद्यार्थीको 'ब्रिजकोर्स' गर्नुको एउटै उद्देश्य भनेको प्रवेश परीक्षामा राम्रा कलेजमा 'नाम निस्कियोस्' भन्ने नै हुन्छ । त्यसमा पनि गरिब, जेहेनदार विद्यार्थीको भने 'राम्रा कलेजमा छात्रवृत्तिमा पढ्न पाइयोस्' भन्ने ठूलो आशा हुन्छ । ११-१२ कक्षा उत्तीर्ण गर्न पनि अभिभावकलाई 'धेरै भार नपरोस्' भन्ने कतिपय विद्यार्थीको सोचाइ हुन्छ ।

सामुदायिक विद्यालयमा पढाउन चित्त नबुझ्ने तर निजी विद्यालयमा पढाउन पैसा नपुग्ने सकसमा धेरैजसो अभिभावक रहेको देखिन्छ । उनीहरूका समस्या समाधानका लागि लाखौं विद्यार्थी पढ्ने सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरदेखि भौतिक संरचनामा व्यापक सुधार ल्याउन जरूरी देखिन्छ ।

(लेखिका अरूणिमा सेकेन्डरी विद्यालय बौद्धकी शिक्षिका हुन्) राजधानीबाट

# सरकारी छात्रवृत्तिमा चरम बेतिथि रहेको महालेखाको ठहर

**दमक/** सरकारी छात्रवृत्तिमा चरम वेथिती फेला परेको छ । छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीको अभिलेख समेत शिक्षा मन्त्रालयमा नभएको बुधबार सार्वजनिक महालेखा परीक्षकको ६२ औं वार्षिक प्रतिवेदनमा उल्लेख छ । महालेखा परीक्षक तोयम रायाले बुधबार राष्ट्रपति रामचन्द्र पौडेललाई बुझाएको वार्षिक प्रतिवेदनमा छात्रवृत्तिमा अध्ययन गर्नेहरूकलाई सेवामा लगाउन सक्ने कानून कार्यान्वयनमा समेत शिक्षा मन्त्रालय उदासिन बनेको उल्लेख छ ।

छात्रवृत्ति ऐन २०२१ को दफा चारमा छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थीले अध्ययन समाप्त भएको तीन महिना भित्र प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था भए पनि उक्त व्यवस्था कार्यान्वयनमा मन्त्रालयले चासो नदिएको उल्लेख छ । प्रतिवेदन पेश गरेको एक बर्ष भित्र नेपाल सरकारको स्वामित्व भएको वा आर्थिक सहायता प्रदान गरेको संस्था वा संस्थानको पदमा पाँच बर्ष सम्म सेवा गर्न लगाउन सक्ने प्रावधान स्मरण गराउँदै प्रतिवेदनमा छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थीको अभिलेख समेत मन्त्रालयले नराखेको उल्लेख छ ।

आर्थिक बर्ष २०७१ / ७२ देखि २०८० / ८१ सम्म चिकित्सा, वनविज्ञान, ईञ्जिनियरिङ्, कृषि लगायतका विभिन्न तह तथा विषयमा चार हजार तीन सय १५ विद्यार्थीले स्वदेश तथा विदेशका छात्रवृत्ति प्राप्त गरेका मन्त्रालयसँग तथ्याङ्क छ । तर, विदेशमा अध्ययन गरे पछि स्वदेश फर्के नफर्केको अभिलेख तथा उक्त ऐनले गरेको व्यवस्था बमोजिमको कवुलियतनामा अनुसार सेवा गराउने काम नभएको प्रतिवेदनमा उल्लेख छ । 'संघीय सरकार देखि स्थानीय तहसम्म प्राविधिक जनशक्तिको अभाव पूर्ति गर्न त्यस्ता जनशक्तिलाई परिचालन गर्न सकिएको छैन' प्रतिवेदनमा भनिएको छ, 'छात्रवृत्तिमा अध्ययन गरी फर्केका विद्यार्थीको कवुलियतनामाको अभिलेख राखी सेवा गर्ने व्यवस्था मिलाउनु पर्दछ ।' शिक्षा मन्त्रालयले बर्षभरीका लागि स्वीकृत गरेको वार्षिक कार्यक्रम समेत पुरा गर्न सकेको छैन । निजी विद्यालयले भने कानुनको अवज्ञा गर्दै केही अभिभावकलाई प्रभावमा पारी अभिभावकको स्विकृतीमा गरिएको लेप लगाएर मासिक शुल्कको दोब्बर भन्दा बढी बार्षिक शुल्क लिदैं आएका छन् । ठूला भनिएकाको यो रकम लाखौं हुन्छ । बार्षिक शुल्क लिएर पनि खेलकुद, अतिरिक्त क्रियाकलाप लगायतको शुल्क समेत लिने गरेका छन् ।

यो हदमा निजी विद्यालयले कानुनको अवज्ञा गर्दा पनि नियमन र अनुगमन गर्नु पर्ने स्थानीय तहले समेत चासो दिएको छैन । यो शैलीका कारण विद्यालय तहमा अध्ययन गर्ने मध्ये २० लाख भन्दा बढि बालबालिकाका अभिभावक मारमा परेका छन् । विद्यालय तहमा अध्ययन गर्ने मध्ये ७० प्रतिशत बालबालिका सामुदायिक विद्यालयमा र ३० प्रतिशत बालबालिका निजी विद्यालयमा अध्ययनरत रहेको शिक्षा मन्त्रालयको तथ्याङ् छ । यत्रो ठूलो संख्या अभिभावक पनि उपभोक्ता हो, कम्पनी ऐन अन्तरगत सञ्चालित निजी विद्यालयका उपभोक्ता ठगीमा पर्दा राज्यको सम्बन्धित निकायको ध्यान जानु पर्दैन ? उपभोक्ता ठगीको विषयमा जाँचबुझ गर्ने, निरूपण गर्ने र क्षतीपूर्ती दिलाउने प्रकृया शुरू गर्ने अधिकार भएको बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले आफ्नो सकृयता देखाउन जरूरी छ ।

उपभोक्ता संरक्षण ऐनको दफा ३० मा कसैले अनुचित व्यापारिक वा व्यवसायजन्य क्रियाकलाप गरिरहेको, बजारमा एकाधिकार कायम गरी वा अन्य कुनै तरिकाबाट वस्तु वा सेवाको मूल्य कानुन विपरीत लिएमा विभागले आवश्यक जाँचबुझ वा निरिक्षण गर्न गराउन सक्ने व्यवस्था छ । केन्द्रीय, प्रदेश र स्थानीय बजार अनुमगमन समितिलाई वस्तु र सेवाको मुल्य अनुगमन गर्ने अधिकार पनि छ । ऐनमा सेवाको परिभाषामा शिक्षालाई समेत समेटिएकोले निजी विद्यालयले लिने नियम विपरीतका शुल्कको अनुगमन गरेर कारबाही गर्ने दायित्व पनि बाणिज्य विभागको हो । कानुनको अवज्ञा गरेर अभिभावक माथि गरिएको अनुचित कार्य रोकथाम गर्न विभाग तत्काल कृयाशिल होस् ।

# भोजपुर रामप्रसाद राई गापको
# चुलाचुली गुफा ओझेलमा



**भोजपुर/** भोजपुरको रामप्रसादराई गाउँपालिका ४ दलगाउँको दितेनीस्थित चुलाचुली गुफा ओझेलमा परेको छ । स्थानीय सरकारले यो गुफाको संरक्षण तथा विकास गरिरहेको भएपनि प्रचार अभावमा यो स्थल ओझेलमा परेको हो । हेर्दा नै अनौठो लाग्ने यो स्थानले धेरैको मन लोभ्याउने गर्दछ ।

भौगोलिक रूपमा विकट क्षेत्रमा रहेकोले यो स्थान देश विदेशमा परिचित बन्न नसकेको स्थानीयबासी अनिल राईले बताए । यहाँ रहेका ढुङ्गामा विभिन्न देवी देवताको आकृति देख्न सकिने उनको भनाइ छ । त्योसँगै यो स्थल अवलोकनको क्रममा विभिन्न आश्चर्यजनक ठाउँहरूसमेत हेर्न सकिने उनले जानकारी दिए ।

'चुलाचुली गुफा हेर्दा नै आश्चर्यजनक स्थल देखिन्छ' उनले भने, 'सायदै नेपालमा यस्ता ठाउँ कमै होलान् । यहाँका ढुङ्गामा प्राकृतिक रूपमा कुदिएका विभिन्न देवी देवताको आकृति देख्न सकिन्छ । ढुङ्गाहरूमा मादलको झै आवाज आउछ । यहाँ दर्शन गरे मनोकांक्षा पुरा हुने धार्मिक विस्वास पनि छ। तर यो स्थान ओझेलमा परेको अवस्था छ।'

डाँडामा रहेको यो स्थानको करिब दुई रोपनी क्षेत्रमा रहेको ढुङ्गाहरू खोलाका बगर झै कुदिएका छन् । गुफा भित्र शिव तथा विभिन्न देवीदेवताको मूर्तीसँगै, हात्ती जस्तो सुडो, गाईको थुन, नाँगको चित्रलगायतको आकृति रहेको स्थानीयबासीको भनाइ छ । यहाँ राम नवमी, नयाँ वर्षलगायत विभिन्न अवसरमा मेला लाग्ने गरेको स्थानीयबासी विनोद राईले बताए।

'यो गुफा हेर्दा नै अनौठेको खालको छ' उनले भने, 'स्थानीय सरकारले संरक्षणको काम गरिरहेको छ । २०७२ सालको भूकम्पको कारण गुफामा पस्ने बाटो केही ठाउँमा टालिएको छ । भित्र पस्नको लागि बत्ती जडान गर्नु पर्ने अवश्यकता छ । यो ठाउँलाई सानो हलेसीको रूपमा पनि लिने गरिन्छ।'

वडाको एक महत्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थल रहेकोले यसको संरक्षणको काम भईरहेको वडाध्यक्ष बाबुकुमार राईले बताए । यहाँ मन्दिर निर्माण, घेराबारा, शौचालय तथा विश्राम स्थल निर्माणको काम गरिएको उनले जानकारी दिए । 'यो हाम्रो वडाको निकै महत्वपूर्ण धार्मिक स्थल हो' वडाध्यक्ष राईले भने, 'हामीले आ ॅनो तहबाट संरक्षणको काम गरिरहेका छौं । खास गरेर यो स्थान प्रचार प्रसारको अभावमा ओझेलमा परेको अवस्था छ।'

# गौरादहमा समावेशी शिक्षा सम्बन्धी तालिम



**गौरादह/** गौरादह नगरपालिकाले नगर भित्र रहेका सामुदायिक बिद्यालयका प्रधानाध्यापक र बिद्यालय ब्यबस्थापन समिति अध्यक्षहरूलाई समावेशी शिक्षा सम्बन्धि तालिम दिइएको छ ।

कोशी प्रदेश सामाजिक बिकास मन्त्रालय, गौरादह नगरपालिका र करूणा फाउन्डेसनको लागत साझेदारी र राष्ट्रिय अपाङ्ग महासंघ नेपाल कोशी प्रदेशको सहकार्यमा २ दिने तालिम सम्पन्न भएको हो। अपाङ्गता भएका र शिकाईमा कमजोर क्षमता भएका बिद्यार्थीलाई प्रभावकारी शिक्षणका बारेमा प्रशिक्षण दिइएको थियो । गौरादह नगरपालिका शिक्षा शाखा प्रमुख बिदुर आचार्यले सहभागीहरूलाई प्रशिक्षण दिदै समाजमा रहेका शारीरिक, मानसिक र बौद्धिक अपाङ्गता भएका बालबालिकालाई बिद्यालय सम्म ल्याएर शिक्षण गर्ने तरिकाका बिषयमा जानकारी गराएका थिए। बिद्यालयका भवनहरू अपाङ्ग मैत्री नहुदा त्यस्ता बालबालिकालाई असहज हुने भएकाले बालबालिकाहरूका लागि सहज बनाइदिनु पर्ने बताएका थिए। शारीरिक रूपमा अपाङ्गता भएका बालबालिकाहरू बिद्यालय आउन हिच्किचाउने र अन्य बिद्यार्थीहरूले जिस्काई दिएमा बिद्यालय आउन नमान्ने हुन्छन ।

अपाङ्गता भएका बिद्यार्थीहरूका लागि बिद्यालयमा शिक्षक तथा बिद्यार्थीहरूले सहज वातावरण बनाउनु पर्ने शिक्षा शाखा प्रमुख आचार्यले जानकारी गराएका थिए। अपाङ्गता भएका बालबालिकाहरू गाउँघरमा रहेको भएमा उनीहरूलाई पनि अन्य बालबालिका सँग घुलमिल गराई शिक्षाको मुलधारमा ल्याई प्रभावकारी शिक्षण गर्नुपर्ने आचार्यले बताएका थिए। शिक्षा शाखा प्रमुख आचार्यले सहभागीहरूलाई तालिममा समाबेशी शिक्षाको अवस्था, समस्या, लैंगिक समानता, अपाङ्गतामा समाबेशी गर्नुपर्ने कारण, समता,समानता र न्यायमा पहुँच, अपाङ्गता बालबालिकाका लागि भएका शिक्षा प्रणालीका अभ्यास, समाबेशी शिक्षामा राष्ट्रिय निति तथा वचन बद्दताका बिषयमा प्रशिक्षण दिएका थिए।

करूणा फाउन्डेसनका गौरादह प्रमुख सुशील राज बरले अपाङ्ग बालबालिकाहरूको पहिचान, प्रकारका बारेमा जानकारी गराउदै शिक्षामा सहज पहुँचका बिषयमा जानकारी गराएका थिए। बरले अपाङ्ग बालबालिकाहरूका बिषयमा संस्थाले गर्ने सहयोगका बारेमा पनि जानकारी गराएका थिए। तालिमामा सहभागीहरूले अपाङ्ग र सापाङ्ग बालबालिकाहरूलाई दिइने सहज शिक्षाका बिषयमा जिज्ञासा राखेका थिए। सामुदायिक बिद्यालयको शिक्षामा राज्यको लगानी भएपनि बिद्यार्थी संख्या दिनप्रतिदिन घट्दै गएकोमा चिन्ता ब्यक्त गरेका थिए। सामुदायिक बिद्यालयमा शिक्षा निशुल्क भएपनि संस्थागत बिद्यालय प्रति अभिभावक र बिद्यार्थी आकर्षित भएको जानकारी गराएका थिए।

गौरादह नगरपालिका उपमेयर जलबर्षा राजवंशी (चौधरी ) को सभापतित्वमा कार्यक्रम सम्पन्न भएको थियो। त्यस अवसरमा गौरादह नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सुवेदी, प्रधानाध्यापक तिर्थ भुजेल, ब्यबस्थापन समिति अध्यक्ष निर्मल बाँस्तोलाले शुभकामना मन्तब्य राखेका थिए। गौरादह नगर महिला बालबालिका शाखा प्रमुख कबिता तुम्माम्फो सुब्बाले कार्यक्रम संचालन गरेकी थिइन।

# गुरुकुल विद्यापिठका नवनिर्वाचित पदाधिकारीलाई पद हस्तान्तरण

**दमक/** दमक ४ मा रहेको श्री बशिष्ठ संस्कृत गुरूकुल बिद्यापिठको नव निर्वाचित बिद्यालय ब्यवस्थापन समितिलाई आज पद हस्तान्तरण गरिएको छ । चन्द्रा खड्का भट्टराईको नेतृत्वमा निर्वाचित कार्यसमितिलाई नि वर्तमान अध्यक्ष राजेन्द्र भट्टराईले माईन्युट हस्तान्तरण गरेर पद हस्तातरण गरेका हुन् ।

कार्यक्रमका प्रमुख अतिथि गुरूकुलका संस्थापक अध्यक्ष शेरबहादुर भट्टराईले संस्कार र संस्कृति संरक्षणका लागी स्थापना गरिएको बशिष्ठ संस्कृत गुरूकुललाई आजको स्थानसम्म ल्याउने सबै अग्रजहरूलाई सम्मान गर्दै नयाँ कार्यसमितिले गुरूकुलको अझ राम्रो ब्यवस्थापन गर्ने विश्वास लिएको बताए । नेपालीहरूको परम्परा गुरूकुलिय परम्परागत पद्धति भएको भन्दै यसको संरक्षण र सम्बर्धनमा सबै समाजको दायित्व भएको बताउनु भयो । कार्यक्रममा दमक वडा नम्बर ४ का वडा अध्यक्ष पुण्य दाहालले स्थानिय सरकारको तर्फबाट गुरूकुलको बिकाशका लागी आवस्यक सहयोग रहने आस्वासन दिए ।

पद हस्तान्तरण कार्यक्रममा गुरूकुलका नि वर्तमान अध्यक्ष राजेन्द्र भट्टराईले कठिन समयमा गुरूकुलको नेतृत्व आफुले गर्न पाएको भए पनि सबै पक्षको सहयोगबाट सफलता प्राप्त भएको भन्दै आगामी दिनको समितिलाई पनि सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए । गुरूकुल सञ्चालनको दिगो स्रोत बनाउन अक्षयकोष स्थापना गरिएको भन्दै उनले आगामी दिनमा अक्षयकोषलाई थप बढाउन नयाँ समितिलाई सुझाव दिए ।

गुरूकुल सञ्चालन समिति अध्यक्षको जिम्मेवारी लिँदै नय निर्वाचित अध्यक्ष चन्द्रा खड्का भट्टराईले आफु यस अघि उपाध्यक्ष भई काम गरेको भन्दै अघिल्ला बर्षको अनुभवबाट गुरूकुललाई नयाँ उचाईमा लैजान बिभिन्न योजनाहरू सञ्चालन गर्ने बताए । तिनै तहका सरकार र समुदायको सहयोगमा बशिष्ठ संस्कृत गुरूकुललाई नमुना गुरूकुल बनाउने उनले प्रतिबद्धता समेत व्यक्त गरे ।

## ज्ञान सागर

१) पोषणसम्बन्धी पाँचौं विश्व सम्मेलन कहाँ आयोजना गरिएको हो ? ✎ *काठमाडौं (सन् २०१९ नोभेम्बर)*

-'पृथ्वी र मानव जाति दुवैलाई पोषित गर्ने" नाराका साथ सुरु भएको अन्तर्राष्ट्रिय सम्मेलन दक्षिण एसियामा नै नेपालमा पहिलोपटक आयोजना भएको ।

- कुपोषण न्यूनीकरण गर्ने अभियानमा जुटेका देशले सम्मेलनलाई उच्च महत्वका साथ लिएका ।

- राष्ट्रिय योजना आयोगले संयोजन गरेको सम्मेलनमा नेपाल सहित विश्वका ८० देशका उच्च राजनीतिक नेतृत्व, नीति निर्माता, गैरसरकारी संस्थाका प्रतिनिधि, पोषण सम्बन्धी विज्ञलगायतका एक हजार दुई सयजनाको सहभागिता रहेको ।

- हरेक दुई वर्षमा अन्तर्राष्ट्रिय सम्मेलन हुने गरेको।

२. नेपाली कामदार शून्य लागतमा युएई जान पाउने व्यवस्था कहिलेदेखि कार्यान्वयनमा आएको हो ?

✎ ***विसं २०७६ कात्तिक १९***

- वि.सं २०७६ कात्तिक १७-१८ मा काठमाडौंमा बसेको नेपाल युएई संयुक्त कार्यसमूहको बैठकले जेठमा भएको श्रम समझदारी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने सम्झौता गरेसँगै शून्य लागतमा नेपाली कामदार युएई जान पाउने भएका। सम्झौता कात्तिक १९ देखि नै कार्यान्वयनमा आउने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जनाएको।

- नेपाल र युएईबीच भएको (कात्तिक १८ मा) सो सम्झौताअनुसार नेपाली कामदारको खर्च रोजगार दाताले नै बेहोनु पर्ने ।

- यसअघि सन् २००७ मा नेपाल र युएईबीच श्रम सम्झौता भएको ।

३. प्रदेश ३ मा पहिलो अपांगता सूचना केन्द्रको स्थापना कहिले गरियो ? ✎ ***विसं २०७६ कात्तिक १८***

४). नेपाल र म्यानमारबीच व्यापार र लगानीसम्बन्धी सम्झौता कहिले भएको हो ?

✎ विसं २०७५ मङ्सिर १४ (सन् २०१८ नोभेम्बर 30)

५. माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाको विद्युत् उत्पादन क्षमता कति रहेको छ ? ✎ ***२१६ मेगावाट***

- (जलप्रवाहमा आधारित २१६ मेगावाट क्षमताको सो आयोजना निर्माणका लागि विसं २०७६ कात्तिक १५ मा नौ अन्तर्राष्ट्रिय ऋणदाताहरुसँग सम्झौता भएको।)

६) नेपालमा मन्ट्रियल सन्धि १९९९ कहिलेदेखि लागू भएको हो ?

✎ ***विसं २०७५ मङ्सिर २९***

७). काठमाडौं उपत्यकाको कुन ठाउँलाई "अशोकपतन" पनि भनिन्थ्यो ? ✎ ***पाटन***

८) विश्व सहरीकरण दिवस कहिले मनाउने गरिन्छ ?

✎ ***अक्टोबर ३१***

९) नेपालमा सरकारी तवरबाट पहिलोपटक राष्ट्रिय प्राकृतिक चिकित्सा दिवस कहिले मनाइयो ? ✎ ***विसं २०७५ असार २०***

# बिदामा पनि पठनपाठन सुचारु गर्न मन्त्रालयको निर्देशन

**दमक/** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलले विद्यालयको अनुकूलताअनुसार हिउँदे अथवा वर्षे बिदाको अवधिमा पनि पठनपाठन गर्न सामुदायिक विद्यालयलाई निर्देशन दिएको छ ।

मन्त्रालयले विज्ञप्ति जारी गर्दै विस २०८१ चैत महिनामा सञ्चालन गरिएको शिक्षक तथा कर्मचारीको काठमाडौं केन्द्रित आन्दोलनका कारण सामुदायिक विद्यालयका विद्यार्थी भर्ना एवं पठनपाठनलगायत कार्यमा पर्न गएकाले यस्तो अनुरोध गरेको जनाएको छ । मन्त्रालयले महासङ्घको प्रतिबद्धतासमेतका आधारमा आवश्यक व्ययस्था मिलाउन सम्पूर्ण सामुदायिक विद्यालयलाई अनुरोध गरेको उल्लेख गरेको छ । "पेसागत आन्दोलनका कार्यक्रममा शिक्षक तथा कर्मचारीको सहभागिताका कारण विद्यालयमा अनुपस्थितिलगायतका सवालको व्यवस्थापन गर्दै शिक्षकको मनोबल उच्च राख्दै विद्यालयको प्रशासकीय प्रबन्ध मिलाउन वाञ्छनीय भएकाले यस्तो आग्रह गरिएको हो", विज्ञप्तिमा उल्लेख छ ।

यस्तै, शिक्षक र कर्मचारीहरु हाल विद्यालय फर्केर आ ॅनो पेसागत दैनिकी सञ्चालन गरिरहेको सन्दर्भमा सबैको निरन्तर सक्रियता, उत्प्रेरित कार्यसम्पादन तथा विद्यार्थीको सिकाइ उपलब्धिमा विशेष सुधार ल्याउन शिक्षकको अठोटलाई प्रवर्द्धन गर्ने उद्देश्यले विशिष्ट प्रकारको समन्वय, सहकार्य र सहजीकरणको भूमिका निर्बाह गरिदिन सबै स्थानीय तह, विद्यालय तथा सरोकार भएकालाई मन्त्रालयले विशेष अनुरोधसमेत गरेको छ ।

# झापा रेडक्रसद्वारा गैरखाद्य सामग्री पुऱ्याउन सुरु

**बिर्तामोड/** झापाका बाढी प्रभावित क्षेत्रहरुमा रेडक्रसले गैरखाद्य सामग्रीहरु पुऱ्याउन सुरु गरेको छ । बुधबार रेडक्रस जिल्ला शाखा झापाले दुई ठाउँमा सामग्रीहरु पुऱ्याएको जनाएको छ । झापा गाउँपालिकास्थित मदरगाछ र शिवसताक्षी ७ मा गैरखाद्य सामग्री पुराइएको रेडक्रस झापा शाखाका कार्यालय प्रमुख हरिशरण खड्काले जानकारी दिए । उनका अनुसार कनकाई, बाह्रदशी र झापाको बाढी प्रभावित क्षेत्रहरुका लागि मदरगाछमा र गौरीगञ्ज, शिवसताक्षीको प्रभावित क्षेत्रका नागरिकहरुका लागि सामग्री पुराइएको खड्काले जानकारी दिए । यो वर्ष ३ सय परिवारका लागि गैरखाद्य सामग्री पठाइने उनको भनाई छ । विपद् योजना अध्यावधिक गरिरहेको रेडक्रसले दमक र गौरादहका लागि गौरादहमा, बाह्रदशी र कनकाईको केहि भागका लागि घैलाडुब्बा, मेची, कचनकवल र हल्दिवारीका लागि भद्रपुरमा उक्त सामग्रीहरुको भण्डारण गरिने तयारी गरिएको छ ।

उनका अनुसार बाढीबाट धेरै प्रभावित हुने क्षेत्रका नागरिकहरुको लागि बेलैमा आवश्यक सामग्री पुराइएको हो । राहत वितरणको रणनीति अनुसार नै निश्चित क्षेत्रमा सामान पठाइएको हो । भाँडाका सेट, कमल, त्रिपाल, बाल्टी, साडी, धोती लगायतका सामानहरु पठाउने गरिएको छ । जिल्लामा शिवसताक्षी, कनकाई, झापा, गौरीगञ्ज,बाह्रदशी, कचनकवल, भद्रपुर, गौरादह क्षेत्र बाढी प्रभावित पालिकाहरु हुन् । पालिकाहरुसँगका समन्वयमा सामग्रीहरुको व्यवस्थापन मिलाइएको जनाइएको छ ।

रेडक्रस झापाका सभापति लोकराज ढकालले रेडक्रस र विश्व खाद्य कार्यक्रमसहित विभिन्न निकायको सहयोगमा सामग्रीहरु भण्डारण थालिएको बताए ।

## साहित्य

# छङछङ छहरा



♦ शान्त प्रसाद भट्टराई

छङछङ छहरा छन् लेकमा लाली गुराँस ।
हिम शिखर उँभो झन् फुल्छ, बयासी बयाँस ॥
मन जल्छ पुगेको फाँट मेरो तराई ।
जय जय मन मेरी देश नेपाल माई ॥१॥

विजय शिखर टेक्छन् हिम्मती साहसीले ।
तन मन धन मिल्दा हुन्छ खाँचो यहाँ के ॥
अलिकति दम बोकी देश निर्माण निमित ।
अब किन पछि पर्ने आउँदा छन चुनौती ॥२॥

छैन सीमा बाँध केही प्रेम बोल्दछन प्रेममा ।
प्रेम मात्रा शिष्टता छन जिन्दगथीको मार्गमा ॥
प्रेम योद्धा छुट्टिने सम्भावनामा छैन त्यो ।
फुलपाती नै छ साक्षी छुट केही छैन त्यो ॥३॥

**दमक-झापा**

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

## दैनिक राशिफल

आज मिति
२०८२ साल
जेठ ०३ गते
शनिबार
07 May 2025
तिथि: पञ्चमी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | रोजगारीको अवसर । पारिवारिक मेलमिलाप । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | अध्ययनमा भने रुचि बढ्ने। आर्थिक उन्नति । |
| मिथुन | का कि कु घ ङ छ के को हा | मन प्रशन्न रहला । आँटेका कामहरु बन्ने । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | आय स्रोत बढेर जाला । शैक्षिक क्षेत्रमा प्रगति । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | आर्थिक पक्ष सुधार भ्रमणको योग देखिन्छ । |
| कन्या | टो प पी पॅ ष ण ठ पे पो | पराक्रम बढ्ने । मित्रहरुबाट भरपुर सहयोग । |
| तुला | रा री रु रे रो ता ती तु ते | धर्मकर्ममा रुचि बढेर जाला । धोकेवाजहरुदेखि सावधान । |
| वृश्चिक | तो ना नि नॅ ने नो या यि यु | शरीरमा कष्ट । आर्थिक लाभ हुने देखिन्छ । |
| धनु | य यो भा भी भ धा फा ढ भे | आफन्तमा मनमुटाव होला । ब्यापार व्यवसायबाट लाभ । |
| मकर | भो जा जी खि खू खे खो गा गी | लेनदेनमा सतर्कता अपनाउनु होला । पढाई लेखाईमा मन जाला । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | आर्थिक पक्ष खस्कँदो । मित्रहरुबाट सहयोग कम। |
| मीन | दि दु थ झ ञ दे दो चा ची | परिश्रम अनुसार फल प्राप्तीमा कठिनाई, मनमा भने उत्साह । |

# साथीभाई समूहद्वारा ट्राफिक सचेतना अभियान



**दमक/** सामाजिक कार्यमा सक्रिय संस्था साथीभाई समूह दमकले ट्राफिक सवारी नियम सम्बन्धी सचेतना दिने उद्देश्यले अभियान सञ्चालन गरेको छ । सवारी दुर्घटना न्यूनीकरण गराउन सहयोग पुऱ्याउने उद्देश्यले शुक्रवार बिहान दमकको बसपार्कमा एक कार्यक्रम गरि अभियान शुरू गरिएको कोषाध्यक्ष चन्द्र खत्रीले बताए । समूहका अध्यक्ष दिपेन्द्र तिवारीको अध्यक्षता तथा दमक ६ का वडाअध्यक्ष टेकबहादुर थापाको प्रमुख आतिथ्यतामा आयोजित संक्षिप्त कार्यक्रममा वक्ताहरूले पछिल्लो समय निर्माणाधीन एशियन हाईवेसंगै सडकमा ट्राफिक सवारी नियम पालना नगरिदाँ सडक दुर्घटना बढेको भन्दै सवैले ट्राफिक सवारी नियम पालना गर्नु पर्ने औलाएका थिए ।

वडाअध्यक्ष थापाले दमकसहितका क्षेत्रमा पछिल्ला समय सडक दुर्घटना ह्वात्तै बढ्नु अधिकांस मानवीय लार्पावाहीकै कारण भएको बताए । यस किसिमको सचेतना अभियानले दुर्घटना न्यूनीकरणमा सघाँउ पुऱ्याउने उनको भनाई छ ।

ट्राफिक प्रहरी कार्यालय दमकका प्रहरी नायव निरीक्षक जनक तिम्सीनाले नेपालमा प्रत्येक दिन सरदर ९ जना मानिसको सवारी दुर्घटनाबाट ज्यान जादै गएको तथ्यांक सुनाए । सडक दुर्घटना बढ्नु अधिकांस सवारी नियम पालना नगर्दा दुर्घटना हुदैआएको उनले बताए । सवारी नियम ट्राफिक प्रहरीको भन्ने गलत बुझाईले पनि सडक दुर्घटना हुने गरेको उनले औल्याए ।

अभियान शुभारम्भ औपचारिक कार्यक्रममा दमक उद्योग वाणिज्य संघका अध्यक्ष गोपाल गुरागाई लगायतले दमकलाई सुन्दर, राम्रो बनाउन सवैको ध्येय बनेमात्र लक्ष्यले सार्थकता पाउने उल्लेख गरे । सोहि अवसरमा समूहले ट्राफिक सवारी नियम सचेतना सम्बन्धी तयार पारेको प्रचारजन्य स्टिकर समेत सवारी साधनमा टाँसेर अभियानको शुभारम्भ गरिएको थियो ।

सो कार्यक्रमको सञ्चालन समूहका सदस्य कमल कटुवालले सञ्चालन गरेका थिए भने समूहका संस्थापक अध्यक्ष गंगा सिटौला लगायत विभिन्न सामाजिक संघसंस्था, यातायात व्यवसायी, मजदुरहरूको उपस्थिति रहेको थियो ।

## महिला टी-२० विश्वकप एसिया छनौट
# नेपाल सुपर ३ मा प्रवेश

**काठमाडौं/** नेपाली महिला टोली आईसीसी टी-२० विश्वकप एशिया छनोटको 'सुपर-थ्री' मा प्रवेश गरेको छ। शुक्रबार हङकङ र बहराइनबीचको समूह चरणको अन्तिम खेल वर्षाका कारण रद्द भएपछि नेपाल समूहविजेताका रूपमा सुपर-३ मा प्रवेश गरेको हो । नेपालले ४ खेलमा २ मा जीत, १ मा हार र १ मा नतिजाविहीन हुँदा ५ अ जोडेको थियो । हङकङले ४ खेलमा १ मा जीत र ३ मा नतिजाविहीन हुँदै ५ अंक जोडेको छ। बहराइन भने ४ खेलमा २ मा बराबरी र २ मा हारसहित २ अंक जोडेर पुछारमा रह्यो । महिला टी-२० विश्वकप एशिया छनोटमा सहभागी भएका ९ टोलीलाई ३ वटा समूहमा विभाजन गरिएको छ । हरेक समूहको विजेता सुपर थ्री मा पुग्नेछन् । सुपर थ्रीको शीर्ष २ टोली ग्लोबल छनोटमा पुग्ने छन् । अब नेपालले सुपर-थ्रीमा ५ गते सोमवार यूएईसँग र ६ गते मङ्गलवार थाइल्यान्डसँग खेल्नेछ । यी दुवै टोली नेपालभन्दा बलिया छन् ।

सुशासन कायम हुन नसकेको भन्दै बेरूजु छानबिन स्पष्ट रूपमा सार्वजनिक गर्नुपर्ने माग राखे ।

***संघीय...***तहको लागि काम गर्न पाउँछ ।

यो बाटो खुला संघीय निजामती सेवा विधेयकले खोलिदिएको छ ।

कांग्रेस सांसद बडूका अनुसार परिपक्वता आउन लाग्ने समयका लागि भनेर १० वर्षसम्म प्रदेश सचिव संघबाट पठाउने व्यवस्था राखिएको छ । उनी भन्छन्, 'प्रदेश सचिव प्रदेश निजामती सेवाकै हुन्छ । तर व्यवस्थापनमा सहज होस्, समन्वय नबिग्रियोस् भनेर प्रदेश सचिव बढीमा १० वर्ष संघबाट पठाउने प्रावधान राखिएको छ ।'

प्रदेश प्रमुख सचिव भने संघीय सेवाकै हुन्छ । प्रशासनिक संयन्त्रमा स्थानीय तह र प्रदेशले प्रदेश प्रमुख सचिवमार्फत संघसँग समन्वय गर्छन् । तीन तहको सरकारको बीचमा समन्वयका लागि यस्तो प्रावधान राखिएको हो ।

❑ कुलिङ पिरियड २ वर्ष

संघीय निजामती सेवाबाट अवकाश भएकाहरूले संवैधानिक नियुक्ति लिन दुई वर्ष पर्खनुपर्ने भएको छ । यसलाई कुलिङ पिरियड भन्ने गरिन्छ । कुलिङ पिरियड भनेको अवकाश पाएपछि कति समयसम्म अर्को सरकारी नियुक्ति नलिने भन्ने व्यवस्था हो ।

❑ अवकाशको उमेर ६० वर्ष

निजामती सेवामा अवकाशको उमेर ६० वर्ष हुने भएको छ । हाल ५८ वर्ष रहेको छ । विधेयक पारित भएको आर्थिक वर्षसम्म ५८ वर्षकै प्रावधान लागु हुनेछ । त्यसपछिको आर्थिक वर्ष ५९ र अर्को आर्थिक वर्षमा ६० वर्ष लागु हुनेगरी अवकाशको उमेर ६० वर्ष पुऱ्याइँदैछ ।

❑ उपसचिवसम्म मात्रै खुला

निजामती सवामा उपसचिवसम्म मात्रै खुला प्रवेश रहने भएको छ । सेवा प्रवेशका लागि अधिकतम उमेर पुरूषको हकमा ३५ र महिलाको हकमा ३९ वर्ष कायम हुने भएको छ । सरकारले अधिकृत तहको पदमा प्रवेश गर्न २१ वर्ष पूरा भएको हुनुपर्ने तर पुरूषको हकमा ३२ वर्ष ननाघेको र महिलाको हकमा ३७ वर्ष पूरा नभएको हुनुपर्ने प्रस्ताव गरेको थियो ।

❑ महिलाभित्र पनि समावेशी

निजामती सेवामा महिलाभित्र समावेशी कलस्टरअनुसार सेवा प्रवेशको अवसर खुला गरिएको छ । विधेयकको प्रतिवेदनअनुसार खुलामा ५१ र समावेशीतर्फ ४९ प्रतिशत कायम हुनेछ । समावेशीतर्फको ५० प्रतिशत महिलाको कोटा हुनेछ ।

महिलाको कोटाभित्र पनि समावेशी कलस्टरअनुसार सेवा प्रवेशको अवसर दिन लागिएको हो । यो निजामतीमा गर्न लागिएको नयाँ अभ्यास हो ।

❑ ट्रेड युनियन अधिकार यथावत्

निजामती कर्मचारीमा ट्रेड युनियन अधिकार यथावत रहने भएको छ । हाल अभ्यासमा रहेअनुसार नै हुनेगरी संसदीय समितिले विधेयक पास गरेको हो । ट्रेड युनियनसम्बन्धी व्यवस्था विधेयकको दफा १३१ मा छ । जसले, हाल अभ्यासमा भएजस्तै राष्ट्रियस्तरका ट्रेड युनियन रहने व्यवस्थालाई निरन्तरता दिएको छ ।

२०६४ सालमा निजामती ऐनको दोस्रो संशोधनपछि ट्रेड युनियनले निजामती ऐनमै स्थान पाएको थियो । ऐनको दोस्रो संशोधनलगत्तै विभिन्न ८ वटा राष्ट्रियस्तरका ट्रेड युनियन श्रम विभागमा दर्ता भएका थिए । त्यतिबेलादेखि नै राजनीतिक दलसँग आवद्ध रहने गरी ट्रेड युनियन रहने वा नरहनेबारे बहस छ । निजामती सेवा ऐन संशोधन हुने बेलामा यो विषय बढी उठ्ने गरेको छ ।

❑ ब्युँतियो अतिरिक्त सचिव

निजामती सेवा विधेयकले अतिरिक्त सचिव पद ब्युँताएको छ । हाल यो पद अभ्यासमा छैन । तर, संसदीय समितिले सहसचिवभन्दा माथिल्लो र मुख्यसचिवभन्दा तल्लो तहमा रहने गरी अतिरिक्त सचिव पद सिर्जना गरेको हो । यो पद ब्युँतिएपछि सहसचिवबाट सचिव हुन पाइने छैन । अतिरिक्त सचिवबाटै सचिव हुनेछन् ।

विगतमा दुई पटक अभ्यास भएर छाडिएको अभ्यास पुनः ब्युँताइएको हो ।

२०४६ साल अगाडि छोटो अवधि र २०४९ सालदेखि २०५९ सालसम्म १० वर्ष निजामती सेवामा अतिरिक्त सचिवको व्यवस्था थियो । त्यसयता, अभ्यासमा नरहेको यो व्यवस्था पुनः ब्युँताइने भएको हो ।

❑ अतिरिक्त सचिव ब्युँताउने कांग्रेसको एक्लो प्रयास

केही विभागहरूमा अतिरिक्त सचिवले नेतृत्व गर्ने गरी यो व्यवस्था राखिएको हो ।

हाल अर्थ मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, कृषि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा दुई/दुई जना सचिव रहेका छन् । यसलाई समेत अतिरिक्त सचिव पद ब्युँताउँदा सहज हुने संसदीय समितिका सदस्यहरूको बुझाइ रहेको छ ।

❑ घट्यो मुख्यसचिवको कार्यकाल

मुख्यसचिव र सचिवको कार्यकाल घटाइएको छ । हाल मुख्यसचिवको सेवा अवधि ३ वर्ष रहेको छ । विधेयकले घटाएर मुख्यसचिवको कार्यकाल २ वर्ष हुने बनाएको छ ।

सचिवको सेवा अवधि हाल ५ वर्ष हुने व्यवस्था छ । यसलाई बदलेर ४ वर्ष बनाइएको छ । तर, हाल पदमा बहल रहेका सचिव र मुख्यसचिवको हकमा घटाइएको कार्यकालको प्रावधान लागु हुने छैन । बहालवाला मुख्यसचिव र सचिवको कार्यकाल साविक अनुसारकै ३ वर्ष र ५ वर्ष कायम रहनेछ ।

❑ दुई पटक मात्रै आरक्षण

निजामती कर्मचारीमा एकजनाले दुई पटक मात्रै आरक्षण पाउने भएका छन् ।

संसदीय समितिले पास गरेको विधेयकअनुसार कुनै पनि व्यक्तिले राजपत्राङ्कीत पदमा एकपटक र राजपत्र अनंकित पदमा एकपटक आरक्षण प्रयोग गर्न पाउनेछन् ।

सरकारले नै यस्तो व्यवस्था प्रस्ताव गरेको थियो, जसलाई संसदीय समितिले स्वीकार गरेको हो ।

# पहिलो पटक नेपालमा सगरमाथा संवाद कार्यक्रम

**काठमाडौं/** नेपालमा पहिलो पटक हिमालहरु जोगाउनु- पृथ्वी, महासागर र स्वयं मानवता जोगाउनु हो भन्ने यथार्थलाई आत्मसात गरेर विश्वव्यापी संवादका रूपमा सगरमाथा संवाद कार्यक्रम शुक्रबार आयोजना भएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गरेको सो कार्यक्रमलाई सम्बोधन गर्दै उनले यही गहिरो अन्तरनिर्भर यथार्थभित्र–इमानदार संवाद र आपसी ज्ञान साटासाट गर्न तथा सामूहिक कदम चाल्न सर्वोच्च शिखर सगरमाथाको नामबाट संवादको जन्म भएको उल्लेख गरे । 'आशा गर्छौं, यो संवाद–त्यत्तिकै उच्च बनोस् । उच्च नैतिक स्पष्टता, दृढ बौद्धिक साहस र सुन्दर भविष्य निर्माणका लागि अटल साझा दृष्टिकोणमा उच्च बनोस् ।', प्रधानमन्त्री ओलीले भने, 'हाम्रा घरबासहरु पहिरोहरूले बगाइरहेका छन् । बाढी र खडेरी अकस्मात आउँछन् । तर अझै, हामी डटिरहेका छौं । हाम्रा उत्सर्जनहरु न्यून छ तर वातावरण संरक्षणमा हाम्रा योगदानहरु महत्वपूर्ण छन् ।'

## हावाहुरीमा रुखले किचेर एकजनाको मृत्यु

**दमक/** हावाहुरीका कारण ढलेको रूखले किचेर शुक्रबार कैलालीमा पूर्वक्याम्पस प्रमुखको मृत्यु भएको छ । राष्ट्रिय कलेज सुक्खडका पूर्वक्याम्पस प्रमुख कर्ण भण्डारीको मृत्यु भएको इलाका प्रहरी कार्यालय सुक्खडका प्रहरी नायब उपरीक्षक रमेश अवस्थीले जानकारी दिए । उनका अनुसार शुक्रबार बिहान करिब ९ बजेको समयमा आएको हावाहुरीका कारण घर नजिकै रहेको सालको ढलेको रूखले चोट लाग्दा भण्डारी गम्भीर घाइते भएका थिए ।

# दमकमा १० महिने नि:शुल्क कुक तालिम सुरु



**दमक/** युवाहरूलाई दक्ष र स्वरोजगार बनाउने उद्देश्यका साथ दमक नगरपालिकामा कुक तालिम सुरू भएको छ । दमक नगरपालिका र दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना दोस्रोको आर्थिक सहयोगमा, जिभ करियर इन्स्टिच्युट प्रा.लि. द्वारा दमकमा सञ्चालित १० महिने (१६९६ घण्टे) नि:शुल्क व्यवसायिक कुक तालिमको दोस्रो लेभलको उद्घाटन भएको छ ।

नगरप्रमुख रामकुमार थापाको प्रमुख आतिथ्यता तथा उपप्रमुख रेगिता भट्टराई प्रसाईको विशिष्ट आतिथ्यतामा सो तालिमको उद्घाटन गरिएको उपप्रमुख भट्टराईले बताईन । भट्टराईले सीपमूलक तालिमबाट सशक्त भविष्यतर्फ उन्मुख गराउन व्यावसायिक कुक तालिमकोसुरूआत भएको बताएकी छन् ।

सीप आधारित शिक्षाबाट युवालाई रोजगारीमूलक क्षमतामा सशक्त बनाउने उद्देश्यले सुरू गरिएको यो तालिमले व्यावसायिक क्षेत्रमै प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादनमा मद्दत पुऱ्याउने उपप्रमुख भट्टराईको अपेक्षा रहेको छ । विशेषत: स्वरोजगार र वैदेशिक रोजगारीमा जाने युवाका लागि यस्तो तालिम अत्यन्त उपयोगी सिद्ध हुने भट्टराईले बताईन । सीप छ भने सम्भावना अनन्त हुन्छ – दमक नगरपालिका युवासँगै, सीपसँगै भन्ने नारालाई सार्थक तुल्याउन युवा स्वरोजगार र व्यवसायिकमुखी कार्यक्रम दमक नगरपालिकाले सञ्चालन गरिरहेको छ ।

# हल्दिबारीमा हावाहुरीबाट क्षति

**दमक/** एकजनाको ज्यान गएको झापाको हल्दिवारीमा हावाहुरीबाट लाखौको भौतिक क्षतिसमेत भएको छ । गएराति आएको हावाहुरीले मानिसहरूको घर र विद्यालयमा क्षति पुर्याएको हो ।

हल्दिबारी वडा नं. ४ बस्ने केदारप्रसाद उप्रेतीको ईटा र सिमेन्टले बनेको २ तले पक्की घरको छतमाथिको ट्रस्ट उडाउँदा २ लाख ५० हजार बराबर क्षति भएको छ । त्यस्तै सोही ठाउँ बस्ने कृष्णकुमारी पौडेलको एक तले घरको टिन उडाउँदा अन्दाजी १० हजार बराबरको क्षति भएको छ । त्यस्तै वडा नं ३ ढडुवा डाँडागाउँस्थित चिल्ड्रेन गार्डेन अंग्रेजी माध्यमिक विद्यालयको टिनको छाना, जिप्सम, वाईरिङ र शौचालयमा समेत गरी अन्दाजी १५ .लाख बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । हल्दिवारीमा हावाहुण्डरीबाट घर भत्किँदा वडा न.५ त्रिबेणी चोक बस्ने ६५ वर्षीय मानबहादुर मगरको आफ्नै घर भत्किएर मृत्यु भएको छ ।

***रविन्द्र.....***मिश्रलाई इजलासमा उपस्थित गराउन आदेश गरेको थियो । शुक्रबार सर्वोच्चले थुनामुक्त गर्न आदेश गर्दै मिश्रसँग सम्बन्धित अधिकांश प्रमाण संकलनको कार्य सम्पन्न भइसकेको देखिएको र थप प्रमाण संकलन गर्नुपर्ने भएमा संकलन गर्न नसकिने अवस्था पनि नरहेको उल्लेख गरेको छ । जसकारण मिश्रलाई हिरासतमै राख्नुपर्ने सम्मको अवस्था नदेखिएको ठहर सर्वोच्चले गरेको छ ।

पछि मुद्दा चल्ने अवस्था आएमा वा थप प्रमाण बुझ्नुपर्ने भएमा जिल्ला प्रहरी कार्यालयले खोजी गरेका बखत उपस्थित गराउने गरी कानून व्यवसायीको जिम्मा लगाई तत्काल थुनाबाट मुक्त गरिदिन आदेशमा भनिएको छ ।

तीनकुनेमा अवाञ्छित गतिविधि गरेको आरोपमा गत चैत १५ गते पक्राउ परेका मिश्रले सर्वोच्चमा बन्दीप्रत्यक्षीकरणको निवेदन दिएका थिए ।

राज्यविरूद्धको कसुरमा थुनामा रहेका मिश्रलाई वैशाख १० मा नै जिल्ला अदालतले हाजिर जमानीमा छाड्न ध्यानाकर्षण गराएको उल्लेख गर्दै सर्वोच्चले उनलाई रिहा गर्न आदेश गरेको छ ।

राप्रपा वरिष्ठ नेता रवीन्द्र मिश्रले सरकारको अत्याचारपूर्ण व्यवहारपछि न्यायका लागि सर्वोच्च अदालतको ढोकामा आइपुगेको बताएका छन् । ५० दिनदेखि प्रहरी हिरासतमा रहेका मिश्रले बन्दीप्रत्यक्षीकरणसम्बन्धी रिटमाथिको बहसपछि इजलाससँग अनुमति लिएर यस्तो बताएका हुन् । न्यायाधीशलाई सम्बोधन गर्दै उनले भने, 'देशमा राज्यको अधिकार हुने म नागरिकको अधिकार नहुने भएपछि मैले अन्तिम घडीमा भए पनि बन्द प्रत्यक्षीकरणमा जान्छु, अब म एक घण्टा पनि गैरकानुनी ढंगबाट हिरासतमा बस्न चाहन्नँ भनेर सर्वोच्चको ढोका

***लामिछानेको...***कानुन व्यवसायीहरूले प्रश्न उठाएका छन् । उच्च अदालत पोखरामा आफूहरूलाई जानकारी नै नदिई १ जेठ (बिहीबार)का लागि पेशी तोकिएको भन्दै उनीहरूले प्रश्न उठाएका हुन् । कास्की जिल्ला अदालतले लामिछानेविरूद्ध चर्को धरौटी माग गरेको भन्दै आदेश बदरका लागि लामिछाने उच्च अदालत गएका थिए । यस्तै, सरकारी वकिलको कार्यालय र जाहेरवालाले पनि धरौटीमा छाड्ने आदेश खारेज गरी पुर्पक्षका लागि थुनामा पठाउन माग गर्दै उच्चमा निवेदन दिएका थिए । त्यसमाथि बिहीबार सुनुवाई राखिएको थियो । लामिछाने पक्षमा वकालत गरेका वरिष्ठ अधिवक्ताहरु सुशील पन्त, रमण श्रेष्ठ र अधिवक्ता सुरेन थापाले थुनामा रहेको पक्षलाई मुद्दाबारे जानकारी नै नदिई सुनुवाइ गरेको भन्दै प्रश्न गरेका हुन् ।

***तीनजना....***बगरमा नाम थर वतन नखुलेको अन्दाजी ३० वर्षका पुरूष बगाई ल्याएको जस्तो देखिने शव घोप्टो अबस्थामा फेला परेको हो । घटनाबारे अनुसन्धान गर्न इलाका प्रहरी कार्यालय बसन्तपुरबाट टोली गएको जनाइएको छ ।

यसैगरी, एक सातादेखि बेपत्ता भएका इलामका एक व्यक्ति मृत फेला परेका छन् । गत बैशाख २६ गते इलाम देउमाई नगरपालिका -१ चमैता बस्ने ५१ वर्षीय मेखबहादुर राई शुक्रवार विहान मृत भेटिएका हुन् । आफन्तकोमा जान्छु भनी हिडेपछि बेपत्ता भएका र घर फर्कि नआएका राईलाई आफन्तले खोजतलास गर्ने क्रममा आफ्नै घरदेखि अन्दाजी १ किलोमिटर उत्तरमा रहेको खम्बुडाँडा जंगलमा घोप्टो परी मृत अवस्थामा भेटिएको वडा अध्यक्ष मिनराज श्रेष्ठले बताए ।

***दमकको.....*** हजार , गौरादह नगरपालिकाको १.९२ प्रतिशत अर्थात ३ करोड ९७ लाख ३८ हजार , गौरीगञ्ज गाउँपालिकाको १.५२ प्रतिशत अर्थात १ करोड ९६ लाख ३७ हजार , कमल गाउँपालिकाको १.९३ प्रतिशत अर्थात ३ करोड ७७ लाख ३८ हजार, झापा गाउँपालिकाको १.०२ प्रतिशत अर्थात १ करोड १५ लाख ३१ हजार र हल्दिवारी गाउँपालिकाको ३.२१ प्रतिशत अर्थात ४ करोड ३७ लाख ३४ हजार रूपैयाँ बेरूजु रहेको छ ।

अघिल्लो वर्ष सबैभन्दा बढी बिर्तामोड नगरपालिकाको र सबैभन्दा कम झापा गाउँपालिकाको बेरूजु रहेको थियो ।

***बजेट...***सांसद अब्दुल खानले महिला तथा बालबालिकाको पोषणमा ध्यान दिनुपर्ने, उत्पादनको मूल्य निर्धारण गर्नुपर्ने र अस्पतालहरूको सुधार आवश्यक रहेको बताए । उनले जनताको जीवनसँग प्रत्यक्ष सरोकार राख्ने विषयहरूमा सरकार गम्भीर बन्नुपर्ने धारणा राखे ।

सांसद दीपक कार्कीले सरकारले विकासका लक्ष्यप्राप्त गर्न इच्छाशक्ति र इमान्दारिताको अभाव देखिएको टिप्पणी गरे । उनले थपे, 'झन्झटिलो कार्यविधिका कारण लक्ष्य हासिल गर्न कठिन भएको छ । तीन तहका सरकारबीच दोहोरोपन हटाएर, सही किसानलाई अनुदान सुनिश्चित गरिनुपर्छ । नियमन र नियन्त्रण कडा हुन आवश्यक छ ।' सांसद सर्वेन्द्रनाथ शुक्लाले शिक्षाको गुणस्तर सुधार गरी विदेशी विद्यार्थीलाई आकर्षित गर्न सकिने धारणा राखे । उनले युवालाई देशमै अध्ययन गर्ने वातावरण बनाउनसके विद्यार्थी पलायन रोक्न सकिने पनि बताए । सांसद प्रेम सुवालले मौलाउँदै गएको भ्रष्टाचारले


ग्लोरी ब्युटी पार्लर एण्ड एकाडेमी
दमक-६ नयाँ सब्जी बजार
यहाँ एसइइ दिएर बसेकाका लागि ५०% छुटमा पार्लर तालिम दिइन्छ ।
यहाँ वैदेशिक रोजगारका लागि स्पेशल कोर्ष तथा विभिन्न डिजाइनमा दक्ष बनाइन्छ ।
सरकारी मान्यता प्राप्त सर्टिफिकेट पनि दिइन्छ ।
सम्पर्कका लागि : ९८५२६६५८३१/९८१९०७५८३१

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि: दमक: ०२३-५८०९१४
जनक कार्की : ९८५२६७०१७४/९८०१४०१४४१
भगवान बस्नेत : ९८५२६७००३१
भट्टा सम्पर्क : ९८०१४१४०४२/९८०१४०१४०

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक : देवीप्रसाद सिटौला (९८४२७६०२६५/९८२४९७९१९५)

बिर्तामोड: राजकुमार श्रेष्ठ ९८०६०१०४१०

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरूको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

झापा डाइग्नोस्टिकको सेवा
रेडियोलोजिष्टको क्षेत्रमा लामो अनुभव प्राप्त गरी भरपर्दो सेवा प्रदान गर्दै आउनु भएका चिरपरिचित डा. तिलकचन्द्र शाहको भिडियो एक्सरे क्लिनिक (झापाडाइग्नोस्टिक) हिमाल फार्मेसीबाट दमक प्रहरी थाना अगाडि इसा कम्प्लेक्समा सरेको आम सेवाग्राहीमा जानकारी गराउँदछौं ।
: सम्पर्क नम्बर: ९७०४५४४८९९/०२३-५७७४१४


प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२/५८१७०७, प्रबन्धक: सुवासचन्द्र भट्टराई, मुद्रण: ज्योति अफसेट प्रेस, कार्यकारी सम्पादक: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com ले-आउट: सुरेन बस्नेत